ज्ञान शील एकता

# प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल

## पाँचौं राष्ट्रिय अधिवेशन

८, ९ र १०, चैत्र-२०७० । वीरगञ्ज, पर्सा नेपाल

**प्रस्ताव क्रमाङ्क-१**

## शिक्षाक्षेत्रलाई दलगत राजनीतिमुक्त क्षेत्र घोषणा गरिनु पर्ने

व्यक्तिको शारीरिक मानसिक र संवेगात्मक विकासदेखि लिएर राष्ट्रको सामाजिक आर्थिक एवं राजनीतिक विकासको मूल आधार शिक्षा हो । त्यसकारण देशलाई समयसापेक्ष विकासको अग्रपंक्तिमा डोहोऱ्याएर राष्ट्रलाई परमवैभवपूर्ण अवस्थामा पुऱ्याउन वैज्ञानिक, व्यावसायिक र सीपमूलक शिक्षाको व्यवस्था गर्नु अत्यन्त आवश्यक छ । नेपालको परिप्रेक्ष्यमा शिक्षाको अवस्थालाई अझ सुदृढ र समयसापेक्ष बनाउनका लागि निम्नानुसारका शैक्षिक प्रस्तावहरु प्राज्ञिक विद्यार्थी परिषद् नेपालको यो पाँचौं राष्ट्रिय अधिवेशन शिक्षा मन्त्रालय समक्ष माग गर्दछ ।

राष्ट्र पुनर्निर्माणको मूल आधार शिक्षा भएकोले शिक्षामा सबैको पहुँच पुऱ्याउन सबै प्रकारका शिक्षाका प्रक्रियाहरु प्रभावकारी रुपमा लागू गरिनुपर्ने । जस्तै : निरक्षरहरुका लागि साक्षरता शिक्षा, अपाङ्गहरुको लागि अपाङ्ग मैत्री शिक्षा, फरक क्षमता भएकाहरुका लागि विशेष शिक्षा, दूर शिक्षा एवं बेरोजगारहरुका लागि रोजगार र आयमूलक शिक्षाका लागि ठोस नीति निर्माण गरी त्यसलाई कार्यान्वयन गर्नका लागि परिषद्को यो पाँचौं राष्ट्रिय अधिवेशन सरकारसमक्ष जोडदार माग गर्दछ ।

शिक्षा मन्त्रालयको सबैका लागि शिक्षा (Education For all) भन्ने नीति सुन्दा राम्रो लागेता पनि नारामा मात्रै सिमित हुँदा त्यसको ठोस परिणाम समाजमा देखिन सकेको छैन । तसर्थ यूरोपियन युनियन र विश्व बैङ्क जस्ता संस्थाहरुको लगानीका पछाडि नलागी आफ्नै देशको माटो सुहाउँदो एवं आवश्यकता अनुसारको शिक्षानीति निर्माणको दिशातर्फ अगाडि बढ्नका लागि परिषद्को यो पाँचौं राष्ट्रिय अधिवेशन जोडदार माग गर्दछ । साथै प्राइभेट तथा आवासीय विद्यालयहरुले मनपरी ढङ्गले आधारभूत र प्राथमिक शिक्षामा समेत चर्को शुल्क लिइरहेको अनि विद्यालयदेखि विश्वविद्यालयसम्म शैक्षिक माफियाको बिगबिगी रहेकोले वर्तमान अवस्थामा पहुँच वालाहरुका लागि मात्र शिक्षा भन्ने अवस्था सिर्जना भएकोले तुरुन्त शिक्षाक्षेत्रमा बढ्दै गइरहेको व्यापारीकरणलाई रोक्नका लागि परिषद्को यो पाँचौं राष्ट्रिय अधिवेशन सरकार समक्ष जोडदार माग गर्दछ ।

शिक्षाको उचित विकास र गुणस्तरयुक्त शिक्षाको व्यवस्था गर्नु पर्ने । १० जोड दुई सम्म शिक्षालाई निःशुल्क गर्नु पर्ने र त्यस भन्दा माथिको शिक्षा आवश्यकताको आधारमा गुणस्तरीय, विश्वस्तरमा प्रतिस्पर्धा गर्न सक्ने बनाउनु पर्ने । यसको लागि उच्च शिक्षा प्राप्त गर्न चाहने योग्य तथा इच्छुकको लागि राष्ट्रिय नीति बनाई आवश्यकता अनुसार ऋण तथा छात्र वृत्तिको व्यवस्था गर्नु पर्ने । प्रमाणपत्रमुखी शिक्षालाई सुधार गरी ज्ञान र सीपमुखी शिक्षाले मात्र मानव जीवन पूर्ण तथा स्वावलम्बी हुन सक्छ । तसर्थ यसतर्फ गम्भीरतापूर्वक सोचेर, बहस चलाई त्यस्तो शिक्षाको व्यवस्था अविलम्ब लागू गर्नका लागि परिषद्को यो पाँचौं अधिवेशन सरकारसँग जोडदार माग गर्दछ ।

देशको सबैभन्दा लामो इतिहास बोकेको त्रिभुवन विश्वविद्यालयले २०३० देखि ३६ सालसम्म प्रयोगमा ल्याइसकेको सेमेष्टर शिक्षाप्रणाली पुनः लागू गर्नु आँफैमा नराम्रो त होइन तर शिक्षाविद्, सरोकारवाला पक्ष एवं विज्ञहरुसँगको सल्लाह एवं परामर्शविना लागू गरिएको सेमेष्टर प्रणाली शिक्षामा गुणस्तर वृद्धिका लागि प्रभावकारी बन्न सक्दछ या सक्दैन ? त्यसतर्फ सबैको ध्यानाकर्षण हुनु आवश्यक छ । त्रि.वि.वि.ले शैक्षिक गुणस्तर सुधारका लागि भन्दै घोषणा गरेको सेमेष्टर प्रणाली मात्र शैक्षिण गुणस्तर सुधारका लागि अचुक औषधी बन्न सक्दैन । पाठ्यक्रम, शैक्षिक प्रणाली, परीक्षा प्रणाली, शुल्क संरचना एवं पठनपाठनको विना पूर्वतयारी घोषणा गरिएको सेमेष्टर प्रणालीले मात्र विद्यार्थीहरुलाई अनावश्यक आर्थिक भार थोपर्ने र मानसिक तनाव सिर्जना गर्ने माध्यम बन्न सक्दछ । त्यसैले त्रि.वि.विले घोषणा गरेको सेमेष्टर प्रणालीमा पुनः चिन्तन गर्दै सो प्रणालीलाई प्रभावकारी बनाउन आवश्यक बहस् एवं परामर्श गरी अगाडि बढ्नका लागि परिषद्को यो पाँचौं राष्ट्रिय अधिवेशन जोडदार माग गर्दछ ।

पूर्वाञ्चल, मध्यमाञ्चल र सुदुर पश्चिमाञ्चल विश्वविद्यालयहरुमा केही समयदेखि बढ्दै गइरहेको चरम दलीय राजनीतिकरणले गर्दा उक्त विश्वविद्यालयका विद्यार्थीको पठनपाठन, एवं शैक्षिक क्यालेण्डर बन्न सकिरहेको छैन । विश्वविद्यालयका कर्मचारी एवं पदाधिकारीको नियुक्तिमा भागवण्डाको प्रणालीले गर्दा शिक्षाको गुणस्तरभन्दा पद जोगाउने र जागिर खाने प्रवृत्ति बढ्दै गइरहेको छ । जसको कारण हजारौं विद्यार्थीहरुको भविष्य अन्धकारमा धकेलिँदै छ । विश्व विद्यालयहरुलाई विद्याको पवित्र मन्दिरको रुपमा विकास गर्नु पर्दछ । राजनीति गर्ने थलोको रुपमा होइन । तसर्थ ती

विश्वविद्यालयमा बढ्दै गइरहेको दलीय राजनीतिलाई तुरुन्त रोकी शैक्षिक गतिविधि निर्वाधरुपमा सञ्चालन गर्ने वातावरण सिर्जना गर्नका लागि ठोस कदम चाल्न प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो पाँचौं राष्ट्रिय अधिवेशन शिक्षा मन्त्रालयसमक्ष जोडदार माग गर्दछ ।

त्रि.वि.वि.का प्रायः आङ्गिक क्याम्पसहरुमा सञ्चालन भइरहेका छात्रावासहरु दिनप्रतिदिन धरासायी बन्दै गइरहेका छन् । विद्यार्थी संगठनका अनावश्यक राजनीतिक गतिविधिले छात्रावासहरु क्रमशः राजनीतिक अभ्यासका केन्द्र बनिरहेका छन् कतिपय छात्रावास बन्द भइरहेका छन् । जसको कारण गरिब तथा जेहेन्दार विद्यार्थी कम लगानीमा आफ्नो भविष्य निर्धारणबाट वञ्चित भइरहेका छन् । तसर्थ विश्वविद्यालयले बन्द भइरहेका छात्रावासलाई तुरुन्त सञ्चालनमा ल्याइ विद्यार्थीले कम लागतमा पढ्न पाउने वातावरण सिर्जना गर्नका लागि पहल गर्नु अत्यावश्यक छ । साथै प्रत्येक आङ्गिक क्याम्पस एवं जिल्लाका सदरमुकाममा अनिवार्य छात्रावास सञ्चालन गर्ने नीतिनिर्माण गरी कार्यान्वयनको दिशातर्फ अगाडि बढ्नु आवश्यक छ । साथै गरिब तथा शिक्षाको पहुँचबाट अलग विद्यार्थीले उच्च शिक्षा लिन पाउने वातावरण निर्माणका लागि शिक्षा विकास बैङ्कको निर्माण गरी विद्यार्थीहरुलाई निर्व्याज रुपमा ऋण उपलब्ध गराउने वातावरण निर्माणका लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो पाँचौं राष्ट्रिय अधिवेशन सरकार समक्ष जोडदार माग गर्दछ ।

विश्वविद्यालयको शैक्षिक वातावरणमा बढ्दै गइरहेको अराजकताको अन्त्यका लागि प्राज्ञिक विद्यार्थी परिषद्ले स्ववियु चुनावलाई स्वच्छ र मर्यादित बनाउका लागि माग गरेको २५ वर्षको स्ववियु उमेद्‌वारको उमेरको हदबन्दीलाई विश्वविद्यालयले २८ वर्ष घोषणा गरिसकेको छ । तर त्यसको कार्यान्वयन हुन नसकेको हुँदा तुरुन्त सो को कार्यान्वयनका लागि परिषद् जोडदार माग  गर्दछ । साथै २०७० ज्येष्ठमा विभिन्न विद्यार्थी संगठनको कुकृत्यका कारण रोकिएको स्ववियु चुनाव पुनः तुरुन्त गराउनका लागि समेत प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो पाँचौं राष्ट्रिय अधिवेशन जोडदार माग गर्दछ ।

पोखरा विश्वविद्यालयमा बढ्दै गइरहेको दलीय राजनीतिक कारणले गर्दा पठन पाठन एवं अन्य शैक्षिक गतिविधिमा प्रभाव परिरहेको छ । साथै विश्वविद्यालयले सञ्चालन गरिरहेको सेमेष्टर प्रणाली राम्रो हुँदा हुँदै पनि समयमा माइक्रो सेलेबल्स लागू नहुँदा, समयमा पाठ्क्रमयको जानकारी एवं पर्याप्त पाठ्यपुस्तक उपलब्ध नहुँदा हजारौं विद्यार्थी मारमा परिरहेका छन् जसको कारण विश्वविद्यालयका विभिन्न विषयहरु धरासायी बन्ने दिशातर्फ अग्रसर छन् त्यसकारण तुरुन्त विश्वविद्यालयमा बढ्दै गइरहेको दलीय राजनीतिलाई रोक्न र समयमा पाठ्यपुस्तकको सुविधा उपलब्ध गराउनका लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो पाँचौं राष्ट्रिय अधिवेशन सरकार समक्ष जोडदार माग गर्दछ ।

नेपालमा अध्ययन अध्यापन हुँदै आइरहेको फार्मेसी शिक्षामा उचित लगानी एवं नीति नहुँदा विद्यार्थीहरु प्रयोगात्मक अभ्यासबाट बञ्चित भइरहेका छन् । परीक्षा समयमा हुन सकिरहेको छैन, नतिजा प्रकाशनमा ढिलाई भइरहेको छ । फार्मेसीका विद्यार्थीले अभ्यास गर्नका लागि उचित औषधी उद्योग निर्माण हुन सकिरहेका छैनन् । सबैभन्दा ठूलो रोयल फार्मास्युटिकल्स इन्डष्ट्रि बसौं देखि बन्द छ । जहाँ KPLC जस्तो अन्यन्त महत्वपूर्ण केमिकल त्यसै बिग्रिएको छ । नेपालका पहाडी भेगमा पाइने जडिबुटीलाई औषधीको रुपमा उत्पादन गर्न सकिने प्रसस्त सम्भावना हुँदा हुँदै पनि सरकारको ध्यान जान सकेको छैन । त्यसका लागि शिक्षा मन्त्रालयको त्यसतर्फ ध्यानाकर्षण गराउँदै जडिबुटी एवं औषधीको क्षेत्रमा पर्याप्त लगानीको वातावरण सिर्जना गर्न प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो पाँचौं राष्ट्रिय अधिवेशन सरकार समक्ष जोडदार माग गर्दछ ।

देशको दोस्रो पुरानो विश्वविद्यालय नेपाल संस्कृत विश्वविद्यालय दिनप्रतिदिनको राजनीतिक भागबण्डा, खिचातानी र हस्तक्षेपले धरासायी बन्दै गइरहेको छ । विश्वविद्यालयमा दिनप्रतिदिन विद्यार्थीको संख्यामा कमी आउँदै गइरहेको छ । शैक्षिक क्रियाकलाप समयमा हुन सकिरहेका छैनन् । जस प्रति प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल शिक्षा मन्त्रालयको ध्यानाकर्षण गराउँद छ । साथै प्राचीन विषय आयुर्वेद, ज्योतिष लगायतका विषयका लागि विश्वविद्यालय भित्र अनुसन्धान केन्द्र खडा गर्न उचित नीति निर्माण गर्दै लगानीको वातावरण सिर्जना गर्नका लागि परिषद्को यो पाँचौं राष्ट्रिय अधिवेशन शिक्षामन्त्रालय समक्ष जोडदार माग गर्दछ ।

अन्त्यमा देशको मेरुदण्डको रुपमा रहेको शिक्षाक्षेत्रमा सरकारको प्रयाप्त लगानी हुँदा हुँदै समाजमा साक्षता प्रतिशत बढिरहँदा पनि सभ्य र सुसंस्कृत समाजको निर्माण हुन सकिरहेको छैन, शिक्षामा व्यापारीकरण मौलाउँदै गइरहेको छ । त्यसतर्फ शिक्षा मन्त्रालयको गम्भीर ध्यानार्षण गराउँदै समग्र शिक्षाक्षेत्रलाई दलीय राजीतिको हस्तक्षेप र दलदलबाट मुक्त गर्न शिक्षाक्षेत्रलाई दलीय राजनीति मुक्त क्षेत्र घोषणा गर्ने नीति निर्माण गर्दै सो घोषणालाई कार्यान्वयन गर्ने संयन्त्र निर्माण गर्न प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो ऐतिहासिक पाँचौं राष्ट्रिय अधिवेशन सरकार एवं शिक्षामन्त्रालय समक्ष जोडदार माग गर्दछ ।

नेपाल आमाको-जय !

ज्ञान शील एकता

# प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल

## पाँचौं राष्ट्रिय अधिवेशन

**८, ९ र १०, चैत्र-२०७० । वीरगञ्ज, पर्सा नेपाल**

**प्रस्ताव क्रमाङ्क-२**

### देशको वर्तमान आर्थिक अवस्था र आगामी दिशा

देशमा दिनप्रतिदिनको दैनिक उपभोग्य वस्तुको मूल्यवृद्धिले आकाश छोइरहेको छ । सञ्चालनमा रहेका उद्योग कलकाराखाना दिन प्रतिदिन रुग्ण बन्दै गइरहेका छन् । चरम आर्थिक अभाव र गरिबीको कारण सुनौलो भविष्यको कल्पनासहित दैनिक हजारौँ युवा विदेशमा पसिना बगाउन बाध्य छन् । समयमा मल एवं विउको अभावमा हजारौँ कृषक मारमा परिरहेका छन् । जलस्रोतमा धनी देश हुँदा हुँदै पनि घण्टौंसम्म लोडसेडिङ्गको भार जनताले भोगिरहेका छन् । देशका हुम्ला, जुम्ला लगायतका दूर्गम जिल्लाहरुमा खाद्य अभाव बढिरहेको छ । जसप्रति प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक सरकारको गम्भीर ध्यानाकर्षण गराउँदछ । साथै निम्न विषयहरुप्रति चिन्तनशील हुनका लागि समेत परिषद्को यो केन्द्रीय कार्यकारिणी समितिको बैठक आग्रह गर्दछ ।

नेपालका अनगिन्ती प्राकृतिक स्रोत/साधन, धार्मिक तथा साँस्कृतिक सम्पदाहरु रहेका छन् । यी सम्पदाहरुले राष्ट्रको सामाजिक र आर्थिक विकासमा टेवा पुर्‍याउनुका साथै देशको अस्तित्वलाई विश्व सामु प्रस्तुत गरिरहेका छन् । यति हुँदा हुँदै पनि राज्यले देशमा अवस्थित स्रोतसाधन र जनशक्तिको उपयुक्त तरिकाले परिचालन गर्न नसकिरहेको कारण देशको अर्थतन्त्र खस्किँदै गइरहेको छ । नेपालमा अपार आर्थिक विकासको संभावना बोकेको जडीबुटी, कृषि, पानी, धार्मिक पर्यटन, प्राकृतिक पर्यटन आदि क्षेत्रलाई प्रथमिकताको आधारमा विकास गरी आत्मनिर्भर हुनु पर्दछ । दाताको सहयोग उनीहरुको शर्तमा नभई हामीहरुको आवश्यकताका अधारमा मात्र अनुदान लिनुपर्दछ । आर्थिक सहयोग नीतिमा प्रथम प्राथमिकता ऋण लिने हुनुपर्दछ न कि दान लिने । तसर्थ देशका सम्पूर्ण प्राकृतिक स्रोत र साधनलाई सही सदुपयोग गर्दै विकासको मेरूदण्डको रुपमा रहेको आर्थिक क्षेत्रलाई सही गति दिनको लागि प्राज्ञिक विद्यार्थी परिषद् नेपालको यो केन्द्रीय कार्यकारीणी समितिको बैठक जोडदार माग गर्दछ ।

लामो समयको राजनीतिक उथलपुथलको कारण नेपालको अर्थतन्त्र धरासायी हुँदै गएको कुरा सर्वविदितै छ । तर यसै तरिकाले नेपालको अर्थतन्त्र पर निर्भर हुदै जाने हो भने निकट भविष्यमा गम्भीर र विकराल आर्थिक संकट नआउला भन सकिँदैन, त्यसकारण स्वदेशी उत्पादन र उपभोगमा जोड दिनु, स्वदेशी उद्योग कलकारखानालाई बढावा दिनु र विदेशी उत्पादनको (जुन उत्पादन नेपालमा नै उपलब्ध छ) आयातमा रोक लगाइनु अत्यन्त आवश्यक छ । यदि त्यसो हुन सकेन भने विश्व बजारसँगको अन्तरसम्बन्धले झन नेपालको अर्थतन्त्र ग्रसित हुने निश्चित छ, न्यून आर्थिक वृद्धिदर र उच्च मुद्रास्फितिले कदापि देशको दिगो विकास सम्भव छैन, त्यसकारण नेपाल सरकारको गम्भीर ध्यान आकर्षण हुनु जरुरी छ ।

कृषि प्रधान देश नेपालमा कृषि प्रणाली आधुनिक र वैज्ञानिक नहुँदा एकातिर मनग्य उत्पादन हुन सकिरहेको छैन । हजारौँ विघा जमिन मरभूमि बनिरहेका छन् । भने अर्कोतिर कृषि उत्पादनको बजार व्यवस्थापन खपत तथा निर्यात, ओसार-पसार भण्डारणको उपयुक्त प्रबन्ध राज्यले गर्न नसक्दा उत्पादन भएको अन्न खेर गइरहेको छ । सो कारण कृषकहरु कृषि पेशातर्फ उदासिन बनिरहेको अवस्था छ, तसर्थ नेपाली अर्थतन्त्रको मेरूदण्ड कृषिलाई विशेष प्राथमिकतामा राखी कृषिजन्य उत्पादनमा वृद्धि गर्ने, किसानलाई सहुलियत दरमा ऋण उपलब्ध गराउने, जैविक मलखाद, बिउबिजन, सिचाँई व्यवस्था गर्ने, किटनाशक औषधी, समय समयमा तालिम, कृषि सामग्री तथा कृषिजन्य उत्पादन भण्डारण र निकासीको लागि सरकारले विशेष योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ । जसको लागि बिजुली सहुलियत, सिँचाइको प्रबन्ध, सहुलियत दरमा ऋण उपलब्ध गरी कृषि क्षेत्रमा सरकारले किसानलाई पर्याप्त अनुदानको व्यवस्था गर्नका लागि परिषद्को यो केन्द्रीय कार्यकारिणी समितिको यो बैठक सरकार समक्ष जोडदार माग गर्दछ ।

नेपालका प्राकृतिक तथा सांस्कृतिक धरोहरहरु, मठ-मन्दिर, गुम्बा, ऐतिहासिक दरबार, सङ्ग्राहलय, जातिगत परम्परा, संस्कार, भेषभूषा, आदिको संरक्षण र सम्वर्द्धन गर्दै देशविदेशमा समेत प्रचार-प्रसारको माध्यमबाट आन्तरिक र वाह्य पर्यटन विकासमा विशेष नीति अवलम्बन गरिनुपर्ने साथै, ठाउँठाउँमा होमस्टेको व्यवस्था, पर्यापर्यटन (ECO-Truism) को

व्यवस्थाका साथै पर्यटकहरुको सेवामुखी कार्यालयलाई विशेष बढवाका साथ कार्यान्वियनमा ल्याउनका लागि परिषद् सरकारसँग जोडदार माग गर्दछ ।

वैदेशिक रोजगारका लागि दैनिक १३०० र वार्षिक रुपमा झण्डै ४,००,००० भन्दा बढि युवा विदेशिएर खाडी मुलुकको माटोलाई आफ्नो तातो रगत र पसिनाले सिँचित गरिरहेका छन्, श्रम र पसिनाको कुनै मोल छैन, यदि सरकारले नेपालमै ती राष्ट्रभक्त युवाहरुको तातो रगत पसिनाले नेपाली माटोलाई नै सिञ्चित गर्ने अवसरको सिर्जना गरिदिने हो भने नेपाली भूमिमा नै सुन र हिरामोती फल्ने प्रायः निश्चित छ, त्यसकारण राडी बेचेर खाडी र खोरिया बेचेर कोरिया जाने नेपाली दाजुभाई तथा दिदी बहिनीहरुको कहाली लाग्दो दूर्दशा अन्त्य गर्न नेपालमा नै घरेलु र साना उद्योगको विकासमा जोड दिँदै रुग्ण बन्दै गइरहेका उद्योगलाई सञ्चालनमा ल्याउने वातावरण सिर्जना गर्न प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक नेपाल सरकार समक्ष जोडदार माग गर्दछ ।

नेपाली अर्थतन्त्रलाई दिगो र प्रभावकारी बनाउनको लागि कृषि र सहकारी बजारमा जोड दिँदै, देशको अवस्था र माटो सुहाउँदो विकासको वैकल्पिक उपागम Alternative approach of Development लागु गरिनु पर्ने ।

खाद्यपदार्थ, लत्ताकपडा हरियो तरकारी, यातायात र पेट्रोलियम पदार्थमा चर्को मूल्यवृद्धिको विकल्प खोजिनु पर्ने, जनताको दैनिक जीवन सँग सरोकार राख्ने विषयमा सरकार गम्भीर हुनुपर्ने र बढ्दो लोडसेडिङ्गको दिगो व्यवस्थापनका लागि वैकल्पिक उर्जाको दीर्घकालीन व्यवस्था गर्नका लागि परिषद्को यो केन्द्रीय कार्यकारिणी समितिको बैठक सरकारको ध्यानाकर्षण गराउँदछ ।

नेपालका प्रमुख उद्योगहरु वीरगञ्ज चिनी कारखाना ,बुटवल धागो कारखाना, विराटनगर जुट मिल, सूर्य गार्मेन्टस्, भृकुटी कागज कारखाना तथा गोरखकाली टायर र कैलाली चुहा चिनी मिल लगायत अन्य थुप्रै उद्योगहरु बन्द रहेको अवस्था छ र अन्य चालू उद्योगहरु पनि चरम राजनीतिक हस्तक्षेपको कारण रुग्ण बन्दै गइरहेका छन् । यी उद्योगहरुलाई निरन्तर सञ्चालनको लागि नेपाल सरकारले पुनः विशेष पहल गर्नका लागि परिषद् नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।

देशका तराई सिमानाका अधिकांश खाद्य उद्योगहरु बन्द भइरहेका छन् जसले गर्दा उद्योगी व्यापारीहरुले भारतबाट सस्तो मूल्यमा खाद्यान्न, आयात गरिरहेका छन् । जसबाट नेपाली कृषक ठूलो मारमा परिरहेका छन् । जसको मुख्य कारण स्वदेशमा लोडसेडिङ्गको समस्या, सिँचाइको अभाव, सहुलियत ऋणको अभाव, किसानहरुलाई पर्याप्त अनुदानको व्यवस्था नहुनु आदि रहेका छन् । तर छिमेकी मुलुक भारतमा बिजुली सहुलियत, पर्याप्त सिँचाइ व्यवस्था, सहज रुपमा ऋण उपलब्ध र कृषि क्षेत्रमा सरकारको पर्याप्त अनुदान रहेकाले सोही अनुसार हाम्रो देशमा पनि तत् सम्बन्धी सरकारको विषेश ध्यान जाओस् भनी प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको पाँचौं राष्ट्रिय अधिवेशन सरकार समक्ष जोडदार माग गर्दछ । साथै वीरगञ्ज, विराटनगर, भैरहवा लगायतका क्षेत्रमा रहेका खाद्य उद्योग सञ्चालमा ल्याउँदै भारतीय सिमाबाट खुल्ला रुपमा भित्रिइरहेको खाद्यान्न लाई रोक्नका लागि तुरुन्त ठोस कदम चाल्नका लागि परिषद्को यो केन्द्रीय कार्यकारिणी समितिको बैठक सरकार समक्ष जोडदार माग गर्दछ ।

अन्त्यमा देशको विकासको मेरुदण्डको रुपमा रहेको आर्थिक क्षेत्रलाई सुधार्नका लागि आर्थिक क्षेत्रसँग जोडिएका सम्पूर्ण निकाय, औद्योगिक क्षेत्र, प्राकृतिक स्रोत साधनलाई दलीय राजनीतिको हस्तक्षेप र गतिविधिबाट अलग राख्ने नीति अवलम्बन गर्नका लागि परिषद्को यो बैठक सरकारको ध्यानाकर्षण गराउँदछ ।